| | | | | |
|---|---|---|---|---|
| ३४ | श्री मिना चौधरी | सदस्य | जिल्ला समन्वय समिति | |
| ३५ | राज कुमारी महतो | सदस्य | जिल्ला समन्वय समिति | राज कुमारी |
| ३६ | वीर बहादुर शाही | सदस्य सचिव | जिल्ला समन्वय समितिको कार्यालय | |

[redacted]

विशेष आमन्त्रित

कमला कुमारी वली साँसद राष्ट्रियसभा
दीर्घ सोडारी ,, तथा पूर्व सा.वि.मन्त्री
नेपालु चौधरी ,, प्रदेश सभा
रतन बहादुर थापा ,,
चुन कुमारी चौधरी ,,
सुशीला बुढाथोकी ,,
मालाकेती देवी राना ,,

सहयोगी

ना.सु. श्री बिरराम ताम्राकार
ले.पा. ,, गौरी विनाडी जोशी
सि.ई. ,, अमरा बडाल
खरिदार ,, संजिता जोशी
,, ,, दुर्गाराम चौधरी
का.स. ,, नव राज अधिकारी
,, ,, टोक बहादुर चौधरी

प्रस्ताव नं.१ जि.स.स.कैलालीबाट आ.व.०७५/७६ मा भएको आम्दानी खर्च अनुमोदन गर्ने ।

निर्णय नं.१

जिल्ला समन्वय समति कैलालीको आ.व.०७५।०७६ मा भएको देहाय बमोजिमको आयव्यय अनूमोदन गर्ने निर्णय गरियो ।

| क.स. | आय शिर्षक | मौज्दात रकम रु. | व्यय शिर्षक | खर्च रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | कार्य संचालन कोष ख६ | २८०२९१५१७।१७ | चालु आन्तरिक खर्च | १९०५६६७।०० | |
| २ | जिल्ला समन्वय समिति अनुदान | ११५३४०००।०० | विभिन्न उपशिर्षकहरुमा खर्च | ११२७८२७७।०० | |
| ३ | स्थानिय पुर्वाधार विकास कार्यक्रम | ७०००००।०० | वैठक, अनुगमन तथा इनधनमा खर्च | ६९६२५३।०० | |
| ४ | गरिवसंग विश्वेस्वर कार्यक्रम | ३०००००।०० | पारिश्रमिकमा खर्च | २९६९३०।०० | |
| ५ | बैकल्पिम उर्जा कार्यक्रम | ६३२२५६२।२० | बोर्ड बैठकको निर्णय अनुसार विभिन्न शिर्षकमा खर्च | २९३०७८८।७० | |
| ६ | कर्मचारी कल्याण कोष | २१२०५७४।५३ | कल्याण कोषबाट खर्च | २०६०५१४।०० | |
| ७ | औषधी उपचार | १२९५०५९।०० | औषधी उपचारखर्च | १२९५०५९।०० | |
| ८ | संचित विदा | ८४१९७९।०० | संचित विदा खर्च | ८४१९७९।०० | |
| ९ | प्रदेश पुर्वाधार विकास कार्यक्रम चालु र पुजिगतको १% कन्टिजेन्सी( विभिन्न मन्त्रालयबाट प्राप्त) | ६७५०००।०० | वैठक, अनुगमन तथा इनधनमा खर्च | ६७४१५०।०० | |
| ९ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट प्राप्त( सुदरपश्चिम प्रदेश) | २०००००।०० | अनुगमन खर्च | १५३४९४।०० | |
| १० | राजश्व | ७३३२००।०० | | | |
| ११ | धरौटी | ६४५०४३५।०० | | | |
| १२ | जम्मा | ३११४६४३२६।९० | जम्मा | २२१३३१११।७० | |

**प्रस्ताव नं.२ :चालु आ.व.०७६/७७ को वार्षिक बजेट तथा कार्यक्रमको स्वीकृति सम्बन्धमा**

**निर्णय नं.२**

२(१).श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट चालु आ.व.२०७६।०७७ब.उ.शि.नं. ३६५००१०५३ खर्च संकेत नम्बर २६३११ स्थानीय निर्शत चालु अनुदानका लागि प्राप्त बजेट रु. १,२१,४२,०००।०० निम्न अनुसार बाडफाड गर्ने निणय गरियो ।

| क.स. | बजेट खर्च विवरण | खर्च शिर्षक नं. | विनियोजित रकम रु | अनुमानित खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | कर्मचारी र पदाधिकारीको तलव तथा विभिन्न भत्ता | | ८४८८०००।०० | | |
| | पारिश्रमिक | ११११११ | | ८४८८०००।०० | |
| | महंगी भत्ता | २१११३ | | | |
| | पोशाक | २११२१ | | | |
| | अन्य भत्ता | २११३९ | | | |
| २ | करार सेवा शुल्क निजि सचिवालय | २२४१३ | ४२६०००।०० | ४२६०००।०० | |
| ३ | अनिवार्य दायित्व सहितका कार्यालय संचालन खर्च | | २१७८०००।०० | | |
| | पानी तथा विजुली | २२१११ | | ३०००००।०० | |
| | संचार महशुल | २२११२ | | १०००००।०० | |
| | इन्धन | २२२१२ | | ५६८०००।०० | |
| | मर्मत तथा संचालन खर्च | २२२१३ | | ३०००००।०० | |
| | कार्यालय सम्बन्धि खर्च | २२३११ | | ७५००००।०० | |
| | नविकरण खर्च | २२२१४ | | ५००००।०० | |
| | विविध खर्च | २२७११ | | ११००००।०० | |
| ४ | कायकम खर्च समिक्षा बैठक सहित | २२५२२ | ४५००००।०० | ४५००००।०० | |
| ५ | अनुगमन तथा भ्रमण भत्ता | | ६०००००।०० | | |
| | अनुगमन खर्च | | | ५८००००।०० | |
| | भ्रमण खर्च | | | २००००।०० | |
| | जम्मा | | १२१४२०००।०० | १२१४२०००।०० | |

२(२).प्रदेश सरकारबाट प्राप्त अख्तियारी अनुसार प्राप्त सशर्त निशर्त बजेट तथा कार्यक्रम माथि उल्लेखित विषय क्षेत्र अन्तर्गत बजेट तथा कार्यक्रम बनाई खर्च गर्ने ।

२(३).जि.स.स.को आन्तरिक कोषको विविध शिर्षकबाट प्राप्त भएको रकमबाट खर्च गर्नेगरी निर्णय नं.२ अनुसारका खर्च शिर्षक र कार्यक्रमहरुमा बजेट विनियोजन गरी खर्च गर्ने अधिकार जि.स.स.लाई दिने ।

२(४).आ.व.२०७६/७७को अन्य बजेट सम्बन्धमा देहाय अनुसार जिल्ला समन्वय समितिको चालु आ.व.को वार्षिक नीति तथा कार्यक्रम बमोजिम संघ, प्रदेश र अन्य तह निकायहरुबाट प्राप्त हुने अख्तियारी र अनुदान अनुसार प्राप्त हुने बजेट, जिल्ला समन्वय समितिको आ.व.०७५/७६सम्मको आन्तरिक आम्दानी र स्थानीय तहहरुबाट प्राकृतिक स्रोतको ठेक्का व्यवस्थापनबाट प्राप्त हुने रकम र अन्य आय समेत समावेश गरी जिल्ला समन्वय समितिको बैठकबाट वार्षिक बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्न जि.स.स.लाई अधिकार प्रदान गर्ने ।

यस किसिमको कार्यक्रम बनाउदा देहायको प्राथमिकताको आधारमा गर्ने ।

१.जि.स.स.लाई आवश्यक पर्ने तलब, भत्ता र अन्य प्रशासनिक खर्च ।

२.जि.स.स.को स्वामित्वको सम्पति संरक्षणका लागि आवश्यक पर्ने रकम ।

३.अदालतको मुद्दा, फैसला वा आदेश बमोजिम जि.स.स.ले तिर्न बुझाउनु पर्ने कुनै रकम भए सो का लागि आवश्यक पर्ने रकम ।

४.विपद जोखिम न्यूनिकरण, नदी नियन्त्रण,वातावरण संरक्षण तथा व्यवस्थापनका लागि स्थानीय तह र प्रशासनसंगको समन्वयमा प्रभावकारिता ल्याउने कार्यक्रमका लागि आवश्यक पर्ने रकम ।

५.मौज्दात कोष संचालन निर्देशिका, २०७५ बमोजिम स्थानीय पूर्वाधार विकास अन्तर्गत प्रशासनिक तथा वडा कार्यालय भवन र अन्य पूर्वाधार विकास कार्यक्रमको लागि आवश्यक पर्ने रकम ।

६.जिल्ला समन्वय समिति, स्थानीय तहका पदाधिकारी,कर्मचारीहरुको क्षमता विकास अभिबृद्धिका लागि अध्ययन अवलोकन भ्रमणलाई आवश्यक पर्ने बजेट रकम ।

**प्रस्ताव नं.३**जिल्ला समन्वय समितिले स्वीकृत गरेको ल्याब प्रयोगशाला सम्बन्धि कार्यविधि २०७६ पेश गरिएको र सो धनगढी उ म न पा बाट आफूले संचालन गर्ने गरी माग भएको सम्बन्धमा

**निर्णय नं.३**ल्याव परिक्षण प्रयोगशाला सम्बन्धमा छलफल हुँदा धनगढी उ.म.न.पा.बाट बारम्वार माग भई ल्याब सामग्रीहरुको आफ्नो कार्यालयबाट जि.स.स.लगायत सबै स्थानीय तहका लागि कार्य गर्ने प्रतिबद्धता भए अनुसार सो सम्बन्धि कार्यविधि धनगढी उ.म.न.पा.बाटै बनाई स्वीकृत गर्ने गरी ध.उ.म.न.पा.का तर्फबाट प्रमुख प्रशासकीय अधिकृतले सम्झौता गरी जि.स.स. र स्थानीय १३ वटै तहको पालिकाले परिक्षण प्रयोगशालासाझा रुपमा उपयोग तथा संचालन गर्ने गरी जि.स.स.को

कार्यालयलाई हस्तान्तरण फाराम उपलब्ध गराई प्रयोगशाला संचालनसंग सम्बन्धित सामग्रीहरु उक्त पालिकालाई उपलब्ध गराउने र सोको जानकारी संझौता सहित मन्त्रालयमा पठाउने ।

**प्रस्ताव नं.४** जि.स.स.बाट स्वीकृत कोष निर्माण, व्यवस्थापन सम्बन्धी कार्यविधि २०७६ अनुमोदन गर्ने सम्वन्धमा

**निर्णय नं.४** जि.स.स.कैलालीले तैयार गरी ०७६/८/६ को बैठकबाट स्वीकृत भई जिल्ला सभामा पेश भएको कोष निर्माण तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७६ अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.५** मौज्दात कोष संचालन निर्देशिका २०७५ बमोजिम स्थानीय तहकास्वीकृत पूर्वाधारका कार्यक्रम संचालन र प्रशासनिक तथा अन्य खर्च गर्ने सम्बन्धमा ।

**निर्णय नं.५** जि.स.स.को मौज्दात कोष संचालन निर्देशिका,२०७५ बमोजिम सम्बन्धित स्थानिय तहबाट प्रस्ताव पेश भई आए अनुसार कार्यक्रम व्यवस्थापन समितिबाट स्वीकृत भई कार्यान्वयनका लागि पेश भएका प्रशासनिक भवन, वडा कार्यालय तथा अन्य मर्मत सुधार लगायत पूर्वाधार योजनाहरु चालु आ.व. मा संचालन गर्न अनुमोदन गर्ने साथै निर्देशिकाको दफा १३(२) बमोजिम चालु आ.व.मा समेत योजनाको कार्यान्वयन गर्न कार्यालयले प्रशासनिक तथा कार्यक्रमको अनुगमन तथा निरीक्षण गर्ने कार्यका लागि जि.स.स.को मौज्दात कोषमा रहेको रकमबाट बढीमा २० लाखमा नबढ्ने गरी नि.न. २(५) अनुसार जि.स.स.बाट आवश्यक बजेट र कार्यक्रम बनाई खर्च गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.६** स्थानीय पूर्वाधार विकास तथा साझेदारी कार्यक्रम अन्तर्गत छनौंट स्थानीय तहका संचालित योजनाहरुको प्रभावकारिता र गुणस्तरियता अभिबृद्धि तथा मापदण्ड सम्वन्धमा

**निर्णय नं.६**स्थानीय पालिकाहरुबाट संचालित स्थानीय पुर्वाधार विकासका कार्यक्रम(साझेदारी समेत) छनौंट भै कार्यान्वयन भएका पुर्वाधार विकासका आंयोजनाहरुकोनतिजामुलक परिणाम, गुणस्तरियता र दिगोपन कायम गर्न एकीकृत अनुगमन तथा मुल्यांकन निर्देशिका बनाई जिल्ला समन्वय समितिको समन्वयमा विज्ञ सहितको टोलीद्वारा प्रभावकारी र नतिजामुलक अनुगमन तथा मूल्यांकन कार्य गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.७** ढुंगा, गिट्टी,माटो,बालुवा जस्ता (प्राकृतिक स्रोत) निर्माण सामग्रीको गैर कानुनी रुपमा हुने उत्खनन्, संकलन तथा ओसारपसारको नियन्त्रण तथा व्यवस्थापन गर्ने सम्बन्धमा

**निर्णय नं.७**सम्बन्धित स्थानीय तह तथा निकायबाट कानुन बमोजिम स्वीकृति नलिई वा स्वीकृति प्राप्त विक्रेता वा निर्माण व्यवसायीबाट स्रोत खुलेको चलानी,रसीद,विल नलिई वा प्रचलित कानुन विपरित तोकिएको बाहेक क्षेत्र/स्थानबाट ठूला मेशिन प्रयोग गरी वा अन्य तोकिए भन्दा फरक किसिमले नदीजन्य पदार्थहरु तथा निर्माण सामग्री ओसारपसार गर्ने सवारी साधनलाई स्थानीय प्रहरी प्रशासनबाट नियन्त्रणमा लिई जि.स.स.मा पठाउने र यस्ता सवारी साधनहरुलाई देहाय बमोजिमको जरिगाना गर्न जिल्ला अनुगमन समितिको सिफारिसका आधारमा सो आन्तरिक कोष खातामा दाखिला गर्ने साथै सो

कार्य गर्दा जिल्ला अनुगमन तथा समन्वय समितिको समन्वयमा जरिमाना गर्ने र यस्तो नियन्त्रण कार्यमा खटिने सम्वन्धित सुरक्षाकर्मिलाई २० प्रतिशत सम्मको रकम पुरस्कार स्वरुप उपलब्ध गराउने सम्वन्धमा जि.स.स.बाट स्वीकृत निर्णय अनुमोदन गर्दै आवश्यक पर्ने प्रशासनिक सहयोगका लागि जिल्ला प्रशासन र प्रहरी कार्यालयमा लेखी सो सम्वन्धी व्यवस्थाको लागि संघ र प्रदेश सरकारमा सिफारिस गरि पठाउने निर्णय गरियो ।

| क.स. | सवारी साधन | जरिमाना रु. | दोहोरियमा लिने जरिमाना रु. |
|---|---|---|---|
| १ | टेक्टर | ६,०००।०० | १२,०००।०० |
| २ | मिनि ट्रक/टिप्पर | ७,०००।०० | १४,०००।०० |
| ३ | ट्रक | ८,०००।०० | १६,०००।०० |
| ४ | लोडर/डोजर | १०,०००।०० | २०,०००।०० |

**प्रस्ताव नं.८**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाहरुले संचालन गर्ने कार्यक्रमहरुलाई संघीय, प्रदेश तथा स्थानीय तहको नीति तथा कार्यक्रम अनुसार प्राथमिकता प्राप्त स्थान र क्षेत्रमा संचालन गरी नतिजामुलक बनाउने सम्बन्धमा

**निर्णय नं.८**बैदेशिक सहायता अन्तर्गत संचालित गैरसरकारी संघ संस्थाहरुले देहाय बमोजिम कार्य गर्ने र स्थानिय तहमा समेत सो को जानकारी पठाउने ।

(क) संघ, प्रदेश तथा स्थानीय तहको नितिसँग तादाम्यता हुने गरी प्राथमिकता क्षेत्रलाई समन्वय गरी स्थानीय तहको अनिवार्य पूर्व स्वीकृति अनुसार कार्यक्रम संचालन गर्ने ।

(ख) एउटा पालिकामा मात्र कार्यक्रम संचालन हुने भए स्वीकृति लिई यसको पूर्व स्वीकृतिको जानकारी जि.स.स.मा पठाउने ।

(ग) एक भन्दा बढी पालिकामा कार्यक्रम संचालन गर्ने गै.स.स.हरुले जि.स.स.मा प्रस्ताव दर्ता गराई पूर्व स्वीकृति लिएर मात्र कार्यक्रम संचालन गर्ने ।

(घ) कार्यक्रम गर्न चाहने गै.स.स.बाट प्रस्ताव पेश भए पछि जि.स.स.को संयोजनमा सम्बद्ध पालिका प्रतिनिधिहरुबाट प्रस्तावित योजना कार्यक्रमको अध्ययन तथा विश्लेषण गरी आवश्यक निर्णय पश्चात जि.स.स.ले सिफारिस उपलब्ध गराउने ।

(ङ) कार्यक्रमले रोजगारी प्रवर्द्धन,गरिबी न्युनिकरण, लक्षित वर्गलाई लाभ, वातावरण संरक्षण, दिगो विकास गर्नुपर्ने ।

**प्रस्ताव नं.९** विपद जोखिम न्यूनिकरण, व्यवस्थापन, वातावरण संरक्षण जस्ता कार्यलाई समन्वयात्मक र प्रभावकारी रुपमा संचालन गर्ने गराउने सम्बन्धमा

**निर्णय नं.९**अव्यवस्थित बसोबास र बढ्दो शहरीकरण, बसाईसराईका कारण खोलानाला,वन अतिक्रमण,असन्तुलित वातावरण,प्राकृतिक स्रोतसाधनको बढ्दो दोहनले आगलागि,भुकम्प,बाढी, पहिरो,महामारी जस्ता विपद जोखिम बढी रहेकाले यसलाई न्यूनिकरण गर्न स्थानीय प्रशासन,स्थानीय तह,जि.स.स. लगायत निकायहरु र सरोकारवाला निकाय तथा गै.स.स. को सक्रिय सहभागिता र समन्वयमा एकीकृत योजना तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने व्यवस्थागर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१०**मुद्दाहरुको संख्यामा बृद्धि र जिल्ला अदालत, उच्च अदालत र सर्वोच्चअदालतमा पेशी मुद्दाको खर्च बढीरहेको र सो को भुक्तानी सम्बन्धमा

**निर्णय नं.१०** जि.स.स.को मुद्दाहरु जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतमा पेशी भई रहेका, यसको कार्यान्वयनमा कानुन व्यवसायीहरु महंगा भई सो कार्य निजहरुबाटै सम्पादन गराउनु पर्ने भै मुद्दा सम्बन्धि व्ययभारमा वृद्धि भैरहेकोले यस्तो खर्चको भुक्तानी गर्ने निर्णय गराई कार्य संचालन खाताबाट भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नं.११** जिल्ला भित्र विशेष महत्वका एकीकृत विकास योजनाहरुको पहिचान र कार्यान्वयन गर्ने सम्बन्धमा ।

**निर्णय नं.११**यस सम्बन्धमा अध्ययन अवलोकन गरी एकीकृत विकास योजनाहरुको पहिचान र कार्यान्वयन गर्ने सम्बन्धमा स्थानीय तहबाट यस प्रकारका एकीकृत विकासका एक अर्को पालिकामा जोड्ने बस्ती, सडक पुर्वाधार, चकपथ, पुल, केबुलकार, सिंचाई जस्ता आयोजनाका हकमा पहिचान गरी समन्वयात्मक रुपमाजिल्ला सभामा पेश गरी कार्य अघि बढाउन तथायोजना पहिचान र कार्यान्वयन गर्न स्थानिय तहमा अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्तावनं.१२**भारतीय राजदुतावासको अनुदान सहयोगमा संचालित आयोजनाहरु सरस्वती मा.वि.टिकापुर र क्षेत्रिय प्रहरी आवासिय विद्यालयको रकम भुक्तानी र भ्याट शोधभर्ना सम्बन्धमा

**निर्णय नं.१२**यसमा प्राविधिक प्रतिवेदनको आधारमा कार्य सम्पन्न भएको बिलहरु प्रचलित कानुन नियम अनुसार भुक्तानी गर्ने र भ्याट रकम सम्बन्धमा हाल मौज्दात कोष रकमबाट भुक्तानी दिई संझौता अनुसार नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्दै संझौता लगायत सबै डकुमेन्टस राखी शोधभर्ना प्राप्त हुने भएमा भ्याट रकम भुक्तानी गर्ने गरी आन्तरिक राजस्व कार्यालयबाट आन्तरिक राजस्व विभागमा भुक्तानी भएको भ्याट रकम शोधभर्ना पठाई दिन सिफारिससाथ अनुरोध गरी पठाउने निर्णय गरियो ।

प्रस्ताव नं.१३जि.स.स बाट स्वीकृत भै पेश भएका निम्न कार्यपत्रहरु माथि छलफल गरी अनुमोदन गर्ने सम्वन्धमा

(क) कैलालीजिल्लामा पर्यटकीय आकर्षण र पर्यटन प्रवर्द्धन

(ख) वस्ती योग्य र कृषि योग्य भूमिको स्पष्ट पहिचान र व्यवस्थापन

(ग) लागुऔषध नियन्त्रण र सहभागितामुलक व्यवस्थापन

(घ) नदीजन्य पदार्थ उत्खनन् तथा खानीजन्य उद्योग संचालन

**निर्णय नं.१३** समसामयिक विषय वस्तुहरुको कार्यपत्र तयार गरी जि.स.स.द्वारा सिफारिस गरिएका देहायका कार्यपत्र अध्ययन गरि व्यहोरा जानकारी भै देहाय अनुसार गर्ने निर्णय गरियो ।

(क)कैलाली जिल्लाको १३ वटै स्थानीय तहमा कुनै न कुनै प्रशिद्दी र पर्यटकीय आकर्षण विद्यमान रहेको छ र यसको भौतिक तथा प्राकृतिक रुपले परिवर्तन नगरी पूर्वाधार तयार गर्नुपर्ने र पर्यटकलाई अझ आकर्षित गर्नु पर्ने र हालैको visit 2020मा समेत प्रचार प्रसार व्यापक रुपमा गरी पर्यटकहरुलाई सहज, सुरक्षित र सत्कारमा कन्जुसी नदेखाई फेरिफेरि पनि भ्रमण दोहऱ्याउन, आकर्षित पार्न संघीय मंत्रालय र प्रदेश स्थित वन, पर्यटन मन्त्रालयमा दीर्घकालीन सोच र परिवेश व्यवस्थित, आकर्षित बनाउन रसंस्कृति जोगाउन कार्यपत्र व्यवहारमा ल्याउन आवश्यक कार्यार्थ पर्यटन मन्त्रालय,प्रदेश पर्यटन मंत्रालय तथा प्रदेश मुख्य मन्त्रीको कार्यालयमा अनुरोध गरि पठाउने ।

(ख)वस्तीयोग्य र कृषियोग्य भूमिको स्पष्ट पहिचान तथा कृषि योग्य जमिनलाई हालसम्म पनि प्लटिङ गरी खण्डीकरण भैरहेको अवस्थालाई मध्यनजर गरी भु-चक्लावन्दीको व्यवस्थापनमा आकर्षण हुने गरी तराईको सीमित भूभागमा खेती, कृषिलाई आधुनिकीकरण गरी नौलो यान्त्रिक प्रविधि समेत उपयोग गर्न आधुनीक कृषि प्रयोजनार्थ सो मा पर्याप्त अनुदानको व्यवस्था गर्न तथा कार्यपत्रको मर्मलाई समेट्ने गरी व्यवस्थापन गर्न र वस्तीलाई व्यवस्थित गर्न एवं वस्तीहरुलाई चकपथमा जोडी सकभर तितरवितर र छरिएको वस्तीलाई एकीकृत हुने किसिमले व्यवस्थापन गर्न र पूर्वाधारको व्यवस्था गर्न,पहाडी भुभागहरुमा एकीकृत वस्ती योजना लागू गरी वनजंगल पर्यावरण, भू-स्खलन,भूकम्पीय स्थितिबाट संरक्षण हुने गरी वस्ती विकास योजना लागू गर्न यस सम्बन्धी कानुनलाई शीघ्र कार्यान्वयन गर्न क्रमश: भूमिसुधार तथा व्यवस्थापन मन्त्रालय, कृषि मन्त्रालय, शहरी विकास मन्त्रालय, वन मन्त्रालय, प्रदेश मुख्य मंन्त्रीको कार्यालय, प्रदेश कृषि,भूमि, उद्योग मंत्रालयमा कार्यपत्र साथै राखी जोडदार माग सहित अनुरोध गरी पठाउने ।

(ग)लागू औषध नियन्त्रण सम्बन्धि कार्यपत्र सम्वन्धमा यसको कानुन निर्माण भै लागू पदार्थ सेवनकर्ताको बृद्धि , समाजमा अन्याय, अत्याचार, बलत्कार, हत्याहिंसामा अभिबृद्धि भै रहेको स्थितिलाई मध्यनजर गरी यसलाई न्यूनीकरण गर्न आफ्ना बच्चाहरुमाथि अभिभावक, समाज, विद्यालयपरिवार रव्यवस्थापन समिति, स्थानीय तहहरुले सुधार समिति बनाइ सोको कार्यक्रम स्थानीय तहले तय गर्ने र क्रमश कडा निगरानी राखी यसमा संलग्न प्रशासन, प्रहरी तथा सरोकारका सम्बद्ध गै.स.संघ

संस्थाहरुबाट समेत आफ्नो जिम्मेवारीका साथ सो न्यूनिकरणको लागि अभियान संचालन तयार गरी भावी कर्णधारका रुपमा रहेका अहिलेका बाल बालिकालाई दुर्व्येशनबाट जोगाउन र तिनको लत, बानी सुधार गर्न जरुरी आवश्यकता भएकाले यसका लागि स्थानीय १३ वटै तहले बाल सुधार समिति समेत गठन गरी निगरानी वढाउने, विद्यालयमा रहदाकडा अनुशासन कायम भए नभएको जाँच निरीक्षण गर्ने र कार्वाही गर्ने सरोकारका प्रहरी प्रशासनलाई यस तर्फ सहजता र सहयोग पुर्‍याउने, सिमानामा ओसारपसारको कडा नियन्त्रण गर्ने र छिमेकी देशको शहरमा गई सेवन गर्ने जस्ता संकास्पद युवायुवतीको नाम नामेसी र दैनिक आवत जावत गर्ने शंकास्पद दुर्व्यसनीको सूची तैयार गर्ने र निगरानी राख्ने लगायत प्रशासनिक रुपबाट कार्वाही गर्न सम्वन्धित जिल्ला प्रशासन, प्रहरी प्रमुख तथा सो सम्वन्धी न्यूनीकरणका लागि प्रचलित नियम कानुन निर्माणका लागि गृह मन्त्रालय, प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय तथा सबै स्थानीय तहमा अनुरोध गर्ने साथै स्थानिय तहहरुले विद्यालयहरुमा विद्यार्थीको, वस्ती टोलमा नागरिक समाजको, वडा र पालिका तहको अभिभावक समिति एवं बाल सुधार समिति गठन गर्ने कार्यक्रम राखी यस सम्वन्धी विज्ञ सहभागी गराइ सम्वद्ध प्रहरी प्रशासन, नागरिक समाज ,विद्यालय परिवारको सहभागितामा चेतनामुलक कार्यक्रम अभियानका रुपमा संचालन गर्ने र विज्ञको हकमा सहभागिता तथा व्यवस्थापनका लागि स्थानीय तहको माग अनुसार उपलब्ध गराउन जिल्ला प्रशासन र प्रहरी प्रमुखलाई अनुरोध गर्ने साथै सो आयोजनाको सम्पूर्ण खर्च पालिका तहबाट व्यहोर्न सबै पालिका तहमा र सम्वद्ध सरोकारका निकाय संघ संस्थाहरुमा कार्यपत्र सहित अनुरोध गर्ने ।

(घ)नदीजन्य पदार्थ तथा खानीजन्य उद्योग सम्वन्धि कार्यपत्रका सम्वन्धमा नदीजन्य पदार्थको उत्खनन् र यसको जथाभावी ओसारपसार तथा अनियमितताबाट नदीमा बाढी पहिरोको समस्या भै भौतिक संरचना, खेतीजन्य जमीनमा नोक्सानी र चुरेक्षेत्रको भुस्खलन तथा पहिरो, वनजंगलको नोक्सानी, फडानीको कारण समस्या विकराल भएको पाइएको अवस्थाले यसलाई नियन्त्रण गर्दै वनजंगल संरक्षण गर्दै नदी, खोला,खोल्साका तटीय भागलाई प्राकृतिक तथा जैविक तटबन्ध गरी वृक्षारोपणबाट हरियाली वनाउने र वालुवा, गिट्टी, ग्राभेल, ढुंगाजस्ता नदीजन्य पदार्थहरु चुरे भन्दा भित्री भागमा अवस्थित वनस्पति नभएका नांगा डाँडाहरुको सदुपयोग गरी खानी उद्योगबाट समेत उत्पादन गर्न सकिने हुँदा नदीजन्य पदार्थको विकल्पमा खानी उद्योग संचालन गरी निर्माण सामग्रीको पूर्ति गर्न त्यस्ता खानीजन्य उद्योग स्थापना तथा कार्यान्वयनका लागि कानुन निर्माण तथा सो व्यवस्थापन गर्न एवं सो सम्वन्धि पहल गर्न उद्योग मन्त्रालय, जलस्रोत मन्त्रालय,खानी सम्वन्धी उद्योग विभाग, प्रदेश सरकारको वन,उद्योग, पर्यटन मन्त्रालय, वन, पर्यावरण संरक्षणका हकमा वन मन्त्रालय र प्रदेश वन मन्त्रालयमा कार्यपपत्र सहित अनुरोध गरि पठाउने ।

**प्रस्ताव नं. १४**घरबहाल लगायत आन्तरिक आम्दानीको रकम र अन्य आम्दानी समेत रहेको कार्य संचालन कोषमा विविध आम्दानी बाध्ने र अपर्याप्त बजेटका कारण मन्त्रालयको निर्देशन लिई खर्च समेत भुक्तानी गर्ने सम्बन्धमा

**निर्णय नं. १४**जि.स.स.को घर बहाल लगायतआम्दानी जि.स.स.लाई प्राप्त हुने दस्तुर,रोयल्टी लगायत विविध प्रकारको आम्दानी एवं अन्य तह निकायबाट प्राप्त हुने विविध आम्दानीलाई कार्य संचालन कोष खाताको स्थापना र व्यवस्थापन गर्ने गरी प्रत्येक आम्दानीका शिर्षक पृथक रुपमा पारदर्शी र व्यवस्थित रुपमा राख्ने र मंन्त्रालयबाट प्राप्त बजेट न्यून भै खर्च अभाव हुन गएमा जि.स.स.को विनियोजित स्वीकृत कार्यक्रममा खर्चका लागि माग गर्न श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गरी पठाउने ।

**प्रस्ताव नं.१५**सरकारी जग्गा लिजमा दिने सम्बन्धी कार्यविधि २०७१ अनुसार जग्गा दिन कठिनाई हुँदा हुँदै केही मागकर्ताहरुले जग्गा माग गरिरहेको सम्बन्धमा

**निर्णय नं.१५**जि.स.स.ले जग्गा सम्बन्धी मागका सम्वन्धमा यसको सीमितता र आवश्यकतालाई विश्लेषण गर्दै कसैलाई हालसरकारी जग्गा लिजमा नदिने गरी गरेको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१६**समसामयिक पर्यटन आकर्षणका स्थान र पर्यटन प्रवर्द्धन तथा visit 2020को कार्यक्रम सफल पार्ने सम्बन्धमा

**निर्णय नं. १६**जि.स.स.को पर्यटनसंग सम्बन्धित कार्यपत्र स्वीकृत भै पेश भएको र पर्यटन आकर्षण र प्रवर्द्धनका लागि मात्र यस कैलाली जिल्ला चुरे गा.पा. ४ स्थित ऐतिहासिक प्रशासनिक केन्द्रको रुपमा रहेको जिर्णाद्वार नभएको गर्भा दरबारमा हालै मात्र सडक पहुँच भै सवारी साधन पुगेको जानकारीमा जि.स.स.बोर्ड बैठकद्धारा visit 2020को पर्यटन कार्यक्रमको पूर्व सन्ध्यामा पर्यटकीय सूचना आदान प्रदानका लागि पहिलो पटक तेस्रो जिल्ला सभाको सफल आयाजना गरेकोमा visit 2020लाई सफल पार्न जि.स.प्रमुख (जिल्ला सभाध्यक्ष) को संयोजकत्वमा पर्यटन पूर्वाधार निर्माण र व्यवस्थापन गर्न देहायको जिल्ला स्तरिय पर्यटन समिति गठन गरी पर्यटन प्रबर्द्धन कार्यका लागि समिति र सरोकारका सम्वद्ध तह, पक्ष, निकाय, सरकारी तथा गैरसरकारी संस्थाहरुलाई सो कार्यक्रम सफल पार्न सहयोग तथा आवश्यक कार्यार्थ सबै पक्ष निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

जिल्ला समन्वय प्रमुख संयोजक
१३ वटै स्थानीयतहका प्रमुख/उपप्रमुख/अध्यक्ष/उपाध्यक्षहरु सदस्य
जि.स. उपप्रमुख ”
जि.स.सदस्य सबै ” ”
जिल्ला स्थित सबै उद्योग वाणिज्य संघका अध्यक्षहरु
गेटा विमानस्थल तथा बस व्यवसायी समितिका पदाधिकारी मध्येबाट २ जना ”
जिल्ला स्थित सबै होटेल व्यवसायी संघका अध्यक्षहरु ”
पर्यटन बोर्डका अध्यक्षहरु ४ जना सम्म
सक्रिय पर्यटन प्रेमी तथा विशेषज्ञ ४ जना सम्म ” ”
पर्यटन व्यवसायीका तर्फबाट ५ जना सम्म
प्रदेश पर्यटन मन्त्रालयका उप सचिवस्तर प्रतिनिधि ”
जि.स.स.को कार्यालयका समन्वय अधिकारी ”
जि.स.स.को कार्यालयका अधिकृत ”
सदस्य सचिव

**प्रस्ताव नं. १७**चुरे क्षेत्रको वृहत्तर विकासको लागि गुरु योजना सम्बन्धमा

**निर्णय नं. १७**चुरे र मोहन्याल जस्ता पहाडी क्षेत्रमा अवस्थित गा.पा. अन्तर्गत चुरे क्षेत्रका एकीकृत वस्ती विकास, खानेपानी, शिक्षा, स्वास्थ्य, चरिचरन, वनजंगल र पर्यावरणको संरक्षण, भुस्खलन तथा पहिरो नियन्त्रण र वन वृक्षारोपणको विकास गर्ने लगायत चुरे बृहत्तर विकास गुरु योजना(Master plan) तैयार गर्न र सो अनुसार विकास व्यवस्थापन गर्न सम्वद्ध संघ तथाप्रदेश तहमा र सरोकारका निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १८** सिमाना विवाद बारे ।

**निर्णय नं. १८** जिल्लाका १३ वटै तहका एक अर्काको सिमाना र अन्तर प्रदेशीय सिमानाको बारेमा छलफल हुँदाचुरेको गोदावरी, गौरीगंगा र मोहन्यालसंग, त्यस्तै गरी गौरीगंगाको, मोहन्याल,चुरे र घोडाघोडीसंग,जानकीको जोशीपुर, टिकापुर र लम्कीचुहासंग टिकापुरको ५ नं. प्रदेश बर्दिया जिल्लासंग र मोहन्यालको लम्कीचुहासंग लगायत एक अर्को पालिकाको स्पष्ट सिमाना किटानी हुन नसक्दा समय समयमा सिमा विवाद हुने गरेको पाइएकाले समयमै स्पष्टता र विवाद रहित पार्न श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, भूमि सुधार मन्त्रालय, मुख्यमंन्त्रीको कार्यालय, नापि विभागकार्यालय लगायत सम्बद्ध तह निकायमा अनुरोध गर्ने ।

**प्रस्ताव नं. १९** स्थानीय तहमा राजस्व संकलन तथा अन्य विषय सम्बन्धमा विवाद भै जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतमा बहस पैरवीका मुद्दा सम्बन्धमा ।

**निर्णय नं.१९**स्थानीय तहको राजस्व संकलन तथा ठेक्कापट्टा सम्बन्धमा मुद्दा मामिला पर्ने र यसको संख्यामा बृद्धि भैरहदा जि.स.स.विरुद्ध समेत यस प्रकारको विभिन्न किसिमका मुद्दाहरु बढी रहँदा प्रशासनिक कार्यका अतिरिक्त मुद्दा विशेषका कार्यहरु समस्याका रुपमा रहेका र राजनीतिज्ञ समेतलाई सरकारवादी मुद्दाको रुपमा बहस पैरवी र व्यवस्थापन गर्नु पर्नेमा प्राइभेट वकिल राखी वहश पैरवी गर्नु पर्दा धेरै खर्चिलो र मुद्दा मामिलाका विषयमा बजेट खर्च बढी रहेकाले सम्बन्धित स्थानीय तहको लाग्ने मुद्दा सम्बन्धि खर्चको बजेट उपलब्ध गराई दिन संघीय मामिला तथा सामान्य प्रशासन मंन्त्रालय र प्रदेश अर्थ मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.२०** ऐतिहासिक गर्भा दरबार जिर्णोद्धार सम्बन्धमा

**निर्णय नं.२०**visit 2020को अवसर र पहिलो पटक सवारी साधनको पहुच भएको यस ऐतिहासिक रमणीय स्थल गर्भादरवार(चुरे गा पा४)मा तेस्रो जिल्ला सभा आयोजना भएको यस घडीमा गर्भादरबारको प्राचिनतम र साविक कै कलाकृति तथा निर्माण अवस्थामा परिवर्तन नहुने गरी पुरातत्व विभागमा शिघ्र जिर्णोद्धार कार्यका लागि अनुरोध गर्दै सोको निर्देशन तथा बजेट व्यवस्थाका लागि संस्कृति तथा नागरिक उड्डयन मंन्त्रालय र पूरातत्व विभागमा सिफारिससाथ अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.२१**एक स्थानीय तह एक नमूना औद्योगिक र यान्त्रिक आधुनिक कृषि सम्बन्धमा

**निर्णय न२१** एक स्थानीय तह एक नमूना औद्योगिक र यान्त्रिक कृषि लागू गर्ने र सो का लागि १०० विगाहाको चक्लाबन्दी गरी पालिकाहरुलाई यस आधुनिक कृषिमा सहभागी गराउन संघ तथा प्रदेश तहबाट विनियोजित कृषि तर्फ भूचक्लाबन्दी गरिएको क्षेत्रमा लगानी गर्न र आधुनिक नमूना कृषि गर्ने कार्यका लागि संघीय कृषि मन्त्रालय, प्रदेश कृषि मन्त्रालयमा, कृषि ज्ञानकेन्द्र र संघीय मन्त्रालयमा अनुरोध गर्ने ।

निर्णय प्रमाणित

आज मिति २०७६ मंसिर १२ गतेका दिन जिल्ला समन्वय समितिका प्रमुख श्री सुर्य बहादुर थापा ज्यूको अध्यक्षतामा तेस्रो जिल्ला सभाको बैठक बसी देहाय बमोजिमका प्रस्ताव माथी छलफल भई देहाय बमोजिमका निर्णय गरियो ।

| सि.न | नाम, थर | पद | निकाय | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री सुर्य बहादुर थापा | प्रमुख | जिल्ला समन्वय समिति | |
| २ | श्री सुन्दरी देवी चौधरी | उप प्रमुख | जिल्ला समन्वय समिति | |
| ३ | श्री नृप बहादुर वड | प्रमुख | धनगढी उपमहानगरपालिका | |
| ४ | श्री तपेन्द्र बहादुर रावल | प्रमुख | टिकापुर नगरपालिका | |
| ५ | श्री हरि सिंह धाउद | प्रमुख | गोदावरी नगरपालिका | |
| ६ | श्री महादेव बजगाई | प्रमुख | लम्की चुहानगरपालिका | |
| ७ | श्री भिम बहादुर देउवा | प्रमुख | गौरीगंगा नगरपालिका | |
| ८ | श्री समता प्रसाद चौधरी | प्रमुख | घोडाघोडी नगरपालिका | |
| ९ | श्री शेर बहादुर चौधरी | प्रमुख | भजनी नगरपालिका | |
| १० | श्री शुसिला मिश्र भट्ट | उप प्रमुख | धनगढी उपमहानगरपालिका | |
| ११ | श्री केशरी कुमारी रावल | उप प्रमुख | टिकापुर नगरपालिका | |
| १२ | श्री रतना कडायत | उप प्रमुख | गोदावरी नगरपालिका | |
| १३ | श्री टिका थापा | उप प्रमुख | लम्की चुहा नगरपालिका | |
| १४ | श्री अन्चला चौधरी | उप प्रमुख | गौरीगंगा नगरपालिका | |
| १५ | श्री प्रेम कुमारी थापा | उप प्रमुख | घोडाघोडी नगरपालिका | |
| १६ | श्री छाँया देवी देवकोटा | उप प्रमुख | भजनी नगरपालिका | |
| १७ | श्री प्रदिप कुमार चौधरी | अध्यक्ष | जानकी गाँउपालिका | |
| १८ | श्री रामकृष्ण चौधरी | अध्यक्ष | जोशीपुर गाँउपालिका | |
| १९ | श्री बालराम डगौरा थारु | अध्यक्ष | बर्दगोरिया गाँउपालिका | |
| २० | श्री नवल सिंह रावल | अध्यक्ष | मोहन्याल गाँउपालिका | |
| २१ | श्री लाजराम चौधरी | अध्यक्ष | कैलारी गाँउपालिका | |
| २२ | श्री धन बहादुर रोकामगर | अध्यक्ष | चुरे गाँउपालिका | |
| २३ | श्री उमा महतौ | उपाध्यक्ष | जानकी गाँपालिका | |
| २४ | श्री गिता कठरिया | उपाध्यक्ष | जोशीपुर गाँउपालिका | |
| २५ | श्री भगवती डगौरा | उपाध्यक्ष | बर्दगोरिया गाँउपालिका | |
| २६ | श्री पुजा देवी बुढामगर | उपाध्यक्ष | मोहन्याल गाँउपालिका | |
| २७ | श्री लक्ष्मी सतगौवा थारु | उपाध्यक्ष | कैलारीगाँउपालिका | |
| २८ | श्री दिपा देवी साउद | उपाध्यक्ष | चुरे गाँउपालिका | |
| २९ | श्री ललित साउद | सदस्य | जिल्ला समन्वय समिति | |
| ३० | श्री टेक बहादुर बुढा | सदस्य | जिल्ला समन्वय समिति | |
| ३१ | श्री देवी भण्डारी | सदस्य | जिल्ला समन्वय समिति | |
| ३२ | श्री मालती देवी बि.क | सदस्य | जिल्ला समन्वय समिति | |
| ३३ | श्री विष्णु प्रसाद डगौरा | सदस्य | जिल्ला समन्वय समिति | |